नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको

# सदस्यहरुलाई सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखा व्यवसायी फर्म नवीकरण गर्ने सम्बन्धी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमवाली २०६१ को नियम ४६, ५० र ५९ बमोजिम आ.व. सुरु भएको ६० दिन भित्र सदस्यता र पेशागत प्रमाणपत्र तथा फर्म नवीकरण गराईसक्नु पर्ने र त्यस पछि थप ६० दिन सम्म १५ प्रतिशत अतिरिक्त शुल्क तिर्नुपर्ने र त्यस पछि थप ६० दिन सम्म २५ प्रतिशत अतिरिक्त शुल्क तिर्नुपर्ने व्यवस्था छ । साथै १८० दिन पछि स्वत: सदस्यता दर्ता किताबबाट नाम हट्ने व्यवस्था सोही नियमको ४७ मा भएको व्यहोरा समेत सदस्यहरुको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

**यसै सन्दर्भमा विगतमा पेशागत प्रमाणपत्र नवीकरण गर्नको लागि अनिवार्य गरिएको Audit Information भर्नु पर्ने व्यवस्था भएकोमा संस्थाले उक्त विवरण UDIN System बाट नै अद्यावधिक गराउने व्यवस्था मिलाई सकेकोले उक्त Audit Information छुट्टै भर्नु नपर्ने व्यहोराको जानकारी सम्बन्धित सबैलाई गराइन्छ ।**

सदस्यता नवीकरण गर्नको लागि सदस्यहरुले प्रत्येक वर्ष न्युनतम १५ क्रेडिट आवर र तीन वर्षमा ६० क्रेडिट आवर वरावरको सि.पि.ई. पुरा गरेको हुनुपर्नेछ । साथै पेशागत प्रमाणपत्र लिएका चार्टर्ड एकाउन्टेन्ट र ख तथा ग बर्गका दर्तावाला लेखापरीक्षक सदस्यले प्रत्येक वर्ष न्युनतम ३० क्रेडिट आवर र तीन वर्षमा १२० क्रेडिट आवर तथा घ बर्गका दर्तावाला लेखापरीक्षक सदस्यले प्रत्येक वर्ष न्युनतम २० क्रेडिट आवर र तीन वर्षमा ९० क्रेडिट आवर वरावरको सि.पि.ई. पुरा गरेको हुनु पर्नेछ ।

**उपरोक्त व्यवस्था बमोजिम सदस्यहरुले ICAN को Website मा रहेको Member Login Portal बाट Online भुक्तान गरी नवीकरण गराउन सक्नुहुनेछ ।**

सदस्यहरुले संस्थाको शाखा कार्यालय विराटनगर, वीरगंज, बुटवल, पोखरा, नेपालगंज तथा धनगढीबाट पनि नवीकरण गराउन सक्नुहुनेछ ।

२०८१।०३।३१

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post BoxNo.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-471395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-525916, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np